# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पकडी,कपिलवस्तु
## (५ नं. प्रदेश,नेपाल)

वेवसाईट : www.mayadevimunkapilvastu.gov.np
ईमेल : mayadevirm@gmail.com

प.स. ०७६/०७७ मिति २०७७/०१/२४
च.न.

**विषय :-** बिद्यार्थी भर्ना तथा परीक्षा सम्बन्धमा ।

श्री शैक्षिक संस्थाहरु सबै,
मायादेवी गाउँपालिका ।

प्रस्तुत विषयमा शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौंको मिति २०७७/०१/२२ गतेको माननीय मन्त्रिस्तरीय निर्णय अनुसारको बिद्यार्थी भर्ना तथा परीक्षा सम्बन्धको प्राप्त निर्देशन बमोजिम तपसिल अनुसार कार्यान्वयन गर्नु गराउनु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**तपसिल :**

- हाल सबै विद्यालहरुको भर्ना तथा पठनपाठन स्थगित रहेको हुदाँ यस सम्बन्धमा नेपाल सरकार बाट अर्को निर्णय नभए सम्म कुनै पनि विद्यालयले कुनै पनि कक्षा वा तहमा नयाँ भर्ना नगर्नु, नगराउनु हुनका साथै भर्नाका नाममा कुनै किसिमले शुल्क लिने, अनलाइन पठन पाठनको नाममा शुल्क लिने वा बैंक खातामा रकम जम्मा गर्न लगाउने जस्ता कार्यहरु नगर्नु, नगराउनु हुन सूचित गरिन्छ ।
- कक्षा १० को अन्त्यमा लिइने माध्यमिक शिक्षा परीक्षा (एसईई) र कक्षा ११ तथा १२ का परीक्षाहरु स्थगित रहेको अवस्थामा मन्त्रालय बाट बस्तुस्थितिको सूक्ष्म अध्यन र परामर्श लिने कार्य जारी रहेको हुदाँ परीक्षा सञ्चालन सम्बन्धमा हाल सम्म कुनै थप वा नयाँ निर्णय नभएको ब्यहोरा जानकारी गराइन्छ ।
- संस्थागत विद्यालयहरुले माध्यमिक तह सम्मको एक महीनाको शुल्क मध्ये आवास शुल्क बाहेक अन्य सबै प्रकारको शुल्क छुट दिने भनी नेपाल सरकारले गरेको निर्णय कार्यान्वयन गरी अभिभावक तथा स्थानीय तहलाई आवश्यक जानकारी दिनुहुन जानकारी गराइन्छ ।

जनकराज पन्थी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत